दैनिक **लुम्बिनी** रु.जि.हु.द.न.१३/०६३/०६४
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
२०८२ मंसिर २९ गते, सोमबार
Monday December 15, 2025

### लम्बियो...

त्यस क्रममा वरिष्ठ उपाध्यक्ष पोखरेल अध्यक्ष ओलीप्रति आक्रोशित भएका हुन्

उनले गत भदौमा भएको विधान महाधिवेशनमा ओलीकै आग्रहअनुसार पदाधिकारी तथा केन्द्रीय सदस्य संख्या घटाएको स्मरण गराउँदै अहिले फेरि विधान संशोधन गर्ने हो भने २ कार्यकालको कुरा पनि ब्युँताउन माग गरेका थिए

'के हाम्रो विधान अस्थायी हो? जे अनुकूल हुन्छ, त्यही गर्दै जाने हो ? हिजो विधान महाधिवेशनअगाडि संख्या घटाऊँ भन्ने तपाईंहरू नै होइन ? वैधानिक विषयअनुसार चलौं, महासचिवले प्रस्तुत गरेको कार्यसूचीअनुसार चलौं दायाँबायाँ नगरौं', पोखरेलले बैठकमा भने-'२ कार्यकालबारे पनि कुरा उठेको छ, यसबारे छलफल नहुने ? अरू बाहेक हुने ? यस्तो तर्कले हामीलाई कता पुऱ्याउँछ ?'

केन्द्रीय कमिटीले विधान संशोधन गर्ने निर्णय गरेसँगै अब एमालेमा १सौं महाधिवेशनकै जस्तो १९ पदाधिकारीसहित ३०१ सदस्यीय केन्द्रीय कमिटी हुने भएको छ जसअनुसार एमालेमा अध्यक्षसहित उपाध्यक्ष ५, महासचिव, उपमहासचिव ३ र सचिव ९ जना रहने भएका छन् यस्तै पोलिटब्युरो कमिटी ९९ सदस्यीय हुनेछ भने स्थायी कमिटीमा यसको एकतिहाइ सदस्य रहनेछन्

यसअघि गत भदौमा मात्र भएको विधान महाधिवेशनले १५ पदाधिकारी मात्र कायम गर्दै केन्द्रीय कमिटी २५१ सदस्यीयमा झारेको थियो भने स्थायी कमिटी नराख्ने निर्णय गरेको थियो

उतानेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले संसारभरिका विरोधीहरूले आफूलाई एक्लो व्यक्ति झैं बनाउँदै निरन्तर आक्रमण गरिरहेका बेला पार्टीभित्रका सहकर्मीहरूले अझै बलियो साथ र माया देखाउनुपर्ने बताएका छन् बन्दसत्रलाई सम्बोधन गर्दै उनले भने-'दुनियाँ विरोधीहरूले लखेटेर अरू कोही नपाएजसरी केपी ओली एक्लो व्यक्तिलाई गालीगलौज र सत्तोसराप गरिरहेका बेला वरिपरिका प्रिय कमरेडहरूले झन् माया गर्नुपर्ने होइन र ?'

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलतर्फ लक्षित गर्दै ओलीले आफूलाई 'डोकोमा हालेर फाल्छौं' भन्नेले पछि अरुलाई पनि बाँकी नराख्ने टिप्पणी गरे 'कुसमयमा मलाई फाल्न डोको खोजिन्छ भने फेरि साथीहरूले ईश्वर कमरेड डोको फिर्ता लैजाऊँ है, तपाईंलाई पनि फाल्नुपर्छ भन्छन्,' उनले भने-'मेरो तर्फबाट घच्चमच्च भएको छ भने सरी'

### एमाले...

कार्की नगर प्रमुख हुँदा रुपन्देहीमा अन्तरपालिका सहकार्यमा फोहोर व्यवस्थापन,अन्तरपालिका सार्वजनिक यातायात, नगर चक्रपथ, बेघरबारलाई आवास, सरकारी विद्यालयमा कम्प्युटर शिक्षालगायत नमूना काम र अवधारण अघि सारेका थिए २०७९ को निर्वाचनमा विष्णु पौडेलको जितमा कार्कीको भूमिका महत्वपूर्ण थियो कार्कीसहितको रास्वपा प्रवेशले रुपन्देही २ मा एमाले र नेपाली कांग्रेसलाई धक्का लाग्ने राजनीतिक विश्लेषकहरु बताउँछन् यसअघि नेपाली कांग्रेस नगर सभापति राजबहादुर क्षेत्री पनि रास्वपा प्रवेश गरेका थिए

कार्कीलाई रास्वपा प्रवेश गराएपछि बोल्दै पार्टी उपसभापति स्वर्णिम वाग्लेले आगामी चुनावमा मतदानबाट उथलपुथल ल्याउने बताए

### कांग्रेस...

अख्तियारले फरक फरक प्रतिवादीहरुलाई फरक फरक बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम कैद र जरिबाना गरी दफा १७ बमोजिम बिगो असुल हुन र ऐ.ऐनको दफा २४ बमोजिम थप सजाय गरी पाउन समेतको मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरेको थियो

विशेष अदालतले २०८१ भदौ १६ को फैसलाबाट आंशिक सफाइ दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मंसिर २८ गते सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जनाएका छन्

### प्रादेशिक...

सम्पूर्ण संरचनालाई सुरक्षित राख्न ग्रान्युलर जोनसहित आधुनिक प्रविधि अपनाइने भएको छ

निगमले हालका परियोजनाहरुबाट स्वदेशी जनशक्तीकै प्रयोगबाट ठुला परियोजनाको डीपीआर बनाउन सकिन्छ भन्ने उदाहरण समेत प्रस्तुत गर्न सफल भएको छ सिनामंगल स्थित हवाई इन्धन डिपोको बिस्तृत परियोजना प्रतिवेदन समेत त्रिभुवन विश्वविद्यालयको इञ्जिनियरिङ्ग अध्ययन संस्थानको कन्सल्टेन्सी सेवाले तयार गरेको थियो भने पोखरा हवाई इन्धन डिपो समेत सोही संस्थाले तयार गरेको थियो, स्वदेशी पुँजी र सिपको प्रयोगले ठुला परियोजना सफल बनाउन सकिने उदाहरण निगमले प्रस्तुत गरेको परियोजना प्रमुख उपनिर्देशक प्रदीप यादव बताए

डिपो निर्माणका लागि रोहिणी र ओमसतिया गाउँपालिकामा आयल निगमले साढे ११ बिघा जग्गा खरिद गरिसकेको छ सो क्षेत्रमा रहेको थप साढे ८ बिघा पर्ति जग्गा निगमको स्वामित्वमा ल्याउन गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, रुपन्देहीबाट पहल भएको निगमले जनाएको छ जग्गा प्रवेश गर्ने मूलबाटोसँग जोडिएको करिब साढे पाँच बिघा पनि जग्गा प्राप्ति ऐन, ०३४ अनुसार प्राप्ति गर्न प्रकृया थालनी भएको छ डिपो निर्माणका लागि आसपासका ९७ घरधुरीले लिखित सहमति जनाइसकेकाले परियोजना सहज रूपमा अघि बढेको निगमले जनाएको छ यसरी करिब साढे २५ बिघा फराकिलो क्षेत्रफलमा आयल निगमको आधुनिक र सुविधा सम्पन्न लुम्बिनी प्रादेशिक कार्यालय निर्माण हुने प्रकृया अघि बढेको र तीन वर्षभित्र सम्पूर्ण परियोजना सम्पन्न गर्ने लक्ष्य छ

लुम्बिनी प्रदेशमा इन्धन वितरणका लागि अहिले रुपन्देहीको भलबारीमा रहेको आयल निगमको प्रादेशिक कार्यालय बस्तीको बिचमा भएकाले सार्नका लागि स्थानीयले पटक पटक दबाब दिँदै आएका छन् २०३६ मा डिपो स्थापना डिपो स्थापना हुँदा भलबारी विकसित भएको थिएन अहिले पेट्रोलियमको खपत पनि बढ्यो र बजार पनि विस्तार भएकोले चार बिघा १४ कट्ठामा फैलिएको सो डिपो अहिले बस्तीको लागि असुरक्षित छ भलबारी डिपोमा जग्गा अभावका कारण तत्काल भण्डारण क्षमता र पार्किङ क्षेत्र विस्तार गर्नसक्ने अवस्था नरहेकोले

बैकल्पिक रुपमा स्थाना
रुपन्देही, कपिलव
बागलुङका केही पम्पम
२०० भन्दा बढी डिलर
पुऱ्याउन करिब ३०० ट
डिजेल तथा पेट्रोल भा
भलबारी डिपोमा हाल
५० किलोलिटर र मट्टि
छ

दैनिक ३०० किलो
किलोलिटर मट्टितेल वि

## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सुचना

पहिलो पटक सुचना प्रकाशन मिति २०८२/०८ /२९

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएको विभिन्न जातको जम्मा गोलिया ३३८ थान जम्मा परिमाण काठ ३७४७.४३ क्यू फिट जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम बढावट प्रकृयाद्धारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फाराम खरिद गरि २२ दिन शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समुह**
सुनवल ३, नवलपरासी

NOTIC

1. Rambha Rur
eligible bidd
Stage Two E

| Contract Identification No |
| --- |
| RRM/NCB/ Works /082/083-09 |

2. Bidder may
www.bolpatr

1. Sandhikhark
system from
competitive
www.bolpatr

| Contract ID | D |
| --- | --- |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

खरिद गर्ने : क) अन्तिम मिति : २०८२।०९।२० ख) समय : बेलुकी ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८२।०९।२१ ख) समय : दिउँसो २ बजे सम्म

३) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा रा.वा.बै.लि., सुनवलमा रहेको खाता नं.३१००१००००३१६६००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) बोलपत्र फारम प्रति लटको रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता र अद्यावधिक प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति२०८२।०९।२२ गते दिनको १:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

१०) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **४५ (पैंतालिस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४) बोलपत्र जहाँबाट खरिद गरेको हो सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१५) बोलपत्र सदर वा बदर गर्ने अधिकार समुहमा निहित रहनेछ ।

वीर बहादुर सुनार
अध्यक्ष

## श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह,

सुनवल ३ नवलपरासी

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रि सुचना**

वीर बहादुर सुनार
अध्यक्ष

पहिलो पटक सूचना प्रकाशन मिति : २०८२।०८।२९

श्री **जनउदय** सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई **समुहको** घाटगद्दीमा लट नं. १ देखि ३ कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना **दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले **२१(एक्काइस)** दिन भित्र बोलपत्र फाराम खरिद गरी २२ औं दिन सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | |
| १ | असना | ए | २६ | ६३९.२५ | २५५७००.० | प्रति क्यु.फि रु १४५।- | C1S1-F7धाँग नं.१ र ढलापडा धाँग नं.४ |
| | | वी | ३२ | ५००.९२ | १५०२७६.० | | |
| | | सी | ४३ | २८१.२९ | २८१२९.० | | |
| | | जम्मा | १०१ | १४२१.४६ | ४३४१०५.० | | |
| | जिंगड | | १९ | १३४.१५ | १३४१५ | | |
| | | जम्मा | १९ | १३४.१५ | १३४१५.०० | | |
| | जम्मा | | १२० | १५५५.६१ | ४४७५२०.०० | | |
| २ | असना | ए | २१ | ५०४.८७ | २०१९४८.० | प्रति क्यु.फि रु १४५।- | C1S1-F9 धाँग नं.४ र C1S1-F7 धाँग न.३ |
| | | वी | ९ | २०२.०७ | ६०६२१.० | | |
| | | सी | ४० | २६०.७९ | २६०७९.० | | |
| | | जम्मा | ७० | ९६७.७३ | २८८६४८ | | |
| | कुसुम | | १ | ७.९ | ७९०.० | | |
| | जिंगड | | १७ | १७०.१ | १७०१०.० | | |
| | बोटधैरो | | २ | २१.४३ | २१४३.० | | |
| | मौवा | | ४ | ७६.५२ | ७६५२.० | | |
| | | जम्मा | २४ | २७५.९५ | २७५९५.० | | |
| | जम्मा | | ९४ | १२४३.७ | ३१६२४३.० | | |
| ३ | असना | ए | १२ | २९५.०८ | ११८०३२.० | प्रति क्यु.फि रु १४५।- | ढलापडा धाँग नं.१ र C1S1-F9 धाँग नं.५ |
| | | वी | ११ | १०१.८२ | ३०५४६.० | | |
| | | सी | ३० | १२१.८८ | १२१८८.० | | |
| | | जम्मा | ५३ | ५१८.७८ | १६०७६६.० | | |
| | टिकुली | | २ | ४.८५ | ४८५.० | | |
| | जिंगड | | ४३ | २६५.३४ | २६५३४.० | | |
| | पान | | २ | ७.०२ | ७०२.० | | |
| | बाँझी | | १६ | ७८.२७ | ७८२७.० | | |
| | मौवा | | ८ | ७४.३२ | ७४३२.० | | |
| | | जम्मा | ७१ | ४२९.८ | ३५५४८.० | | |
| | जम्मा | | १२४ | ९४८.५८ | १९६३१४.० | | |